# हाम्रो सुरक्षाः हाम्रो समृद्धि

मणिराम शर्मा

*"मेरो विचारमा सिमानाहरूको मात्रै सुरक्षा नभई समृद्धिको आधार निर्माण गर्नु राष्ट्रिय सुरक्षा हो"*
*जी लीभरमेन*


***लेखसार***

*प्रस्तुत लेखमा सुरक्षाले मानव र समाजको विकासमा खेल्ने भूमिकालाई उजागर गरिएको छ। कुनै पनि समाजको विकासमा सुरक्षाको प्रमुख भूमिका हुन्छ। कुनै पनि मुलुकको समृद्धि सुरक्षाविना असम्भव छ। सुरक्षा र समृद्धि एक अर्काका परिपूरक हुन्। लोकतन्त्रका सर्वमान्य मूल्य, मान्यता र सिद्धान्तअन्तर्गत समग्र देशको सुरक्षा प्रणाली महत्त्वपूर्ण हुन्छ। सुरक्षा र विकासका आधारभूत मान्यताहरु सफल भएको राज्यमा नागरिकले आफूमाथि शासन गर्ने वैधानिक अधिकार हस्तान्तरण गर्दछन्। हाम्रो सुरक्षा प्रणाली र विकासका सन्दर्भमा देखिएका चुनौतीहरूलाई सामना गर्न नेपाली सेना लगायत अन्य सुरक्षा क्षेत्रहरूको योगदानलाई यस लेखमा विश्लेषण गरिएको छ। विकास र राष्ट्रिय सुरक्षाको सम्बन्धलाई राज्यको दिगो विकासमा कसरी जोड्न सकिन्छ र राज्यमा सुरक्षाको सुधार नहुनुले समृद्धिमा कस्तो नकारात्मक प्रभाव पार्छ भन्ने कुरा स्पष्ट पारिएको छ। देशको राष्ट्रियता, अखण्डता, सार्वभौमिकता प्राप्तिका लागि सुरक्षा आवश्यक पर्दछ। लोकतन्त्र प्राप्तिका निम्ति राज्यका सबै शक्तिहरु एकजुट भए मात्रै राष्ट्रको सुरक्षा र समृद्धिको लक्ष्यमा पुग्न सकिन्छ। नेपालको राष्ट्रिय सुरक्षा र विकासविना समृद्ध, अखण्ड राज्यको कल्पना गर्न सकिदैन भन्ने तथ्यलाई आधार बनाएर समृद्धिको परिस्थितिलाई निष्कर्षसहित केलाइएको छ।*


**शब्दकुञ्जी**: आमसुरक्षा, अखण्ड राज्य, लोकतन्त्र, वैधानिक अधिकार, समृद्धि।

## परिचय

विभिन्न खालका राजनैतिक, साँस्कृतिक एंव ऐतिहासिक परिर्वतनलाई आत्मसात् गर्दै आज नेपाल यस अवस्थामा आएको छ। हत्या, हिँसा र असुरक्षालाई त्यागेर लोकतन्त्रका आधारभूत मान्यताहरुलाई अङ्गीकार गर्दै सुरक्षा र देशको दिगो विकास गर्ने कार्यभार आजको आवश्यकता भएको छ। राज्यमा शान्ति-सुरक्षा कायम गर्नु नै राज्यको दायित्व हुन्छ। राज्यको सुरक्षा प्रणालीले देशको लोकतान्त्रीकरण, शान्तिनिर्माण, राज्य निर्माणको संस्थागत सुधारमा सहयोग पुऱ्याउँछ। नेपालको सन्दर्भमा लोकतान्त्रिक प्रक्रियाहरु पटक-पटक विफल हुँदै गएपछि सुरक्षा र विकासमा चुनौती थपिएको मान्न सकिन्छ। तर यो समय गणतन्त्रको उदय भएको समय हो। संघीय संरचनाहरू कार्यन्वयन भएको बेला हो। राज्यका सबै वर्ग, जातजाति, समूहको विकास र सुरक्षा प्रदान गर्नु अहिलेको अपरिहार्यता भएको छ। नागरिकको सुरक्षा क्षेत्रको आमूल परिवर्तनले लोकतान्त्रिक पद्धतिका नियमहरुलाई प्रभावकारी कार्यन्वयनका सैद्धान्तिक आधारशिला तयार गर्दछ। मुख्य गरेर भू-परिवेष्ठित स्तरका देशहरुले आफ्नै खालका विकास र परिधिमा सुधार गर्दछन् (सुवेदी, २०१०, पृ. ८०) विकास र लोकतन्त्रकीय अन्योन्याश्रित सम्बन्ध हुँदाहुँदै पनि संसारमा विकासविनाको लोकतन्त्र विफल भएको देख्न

सकिन्छ । वास्तवमा सुरक्षा क्षेत्रको रुपान्तरणले विकास र लोकतन्त्रको परम्परागत सम्बन्धका कारण उत्पन्न हुने समस्यालाई झेल्न सक्नुपर्छ । (नाइट, २००९) जनताले आफूमाथि शासन गर्न राज्यलाई आफ्ना केही अधिकारहरु वैधतापूर्ण हस्तान्तरण गर्दछन्  जसका आधारमा राज्यले उनीहरूमाथि शासन गर्दछ । त्यसैले सुरक्षा भन्ने कुरा मानव विकासको निरन्तरता हो ।

राज्यका विभिन्न विकासले आआफ्नै रूपरेखाको निर्माण गरेको हुन्छ । आज नेपाल राणा शासन, राजतन्त्रात्मक राज्य-व्यवस्था, २००७ सालको प्रजातन्त्र हुँदै २०४६ सालको जनआन्दोलन र ०६२/०६३ सालको जनआन्दोलनबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिणत भएको छ । यस अवस्थामा राज्यको सुरक्षा नीति र विकासको रूपरेखामा चुनौती र अवसर दुवै हाम्रा अगाडि देखिएका छन् । समृद्धि र सुरक्षा राज्य सञ्चालनका महत्त्वपूर्ण अङ्ग हुन् । आम नागरिकको सुरक्षा राज्य विकासको आधारशिला हो । जनताको नियन्त्रण नै राज्यसत्तामा सर्वोपरि हुन्छ । समृद्धिले सुरक्षाको प्रत्याभूति दिने खालको व्यवस्था नै सुरक्षित राज्यको उदाहरण   हो । नागरिक सहभागितामार्फत् राज्यमा हुने विभिन्न खाले समस्याहरूलाई विकासको ढाँचाका माध्यमले  समाधान गरिनुपर्दछ ।

**के हो सुरक्षा ?**

'सुरक्षा' भन्ने शब्द कुनै पनि लोकतान्त्रिक मुलुकमा प्रत्येक नागरिकको जीवन, स्वतन्त्रता तथा सम्पतिको रक्षासँग जोडिएको हुन्छ । मानव सभ्यताको विकाससँगै सुरक्षाको पनि विकास भएको हो । आम नागरिकको सर्म्पूण सुरक्षाको जिम्मेवारी राज्यले लिएको हुन्छ । राज्यशक्तिका प्रमुख भनेका जनता हुन् । जनताको सहभागिता मार्फत् समृद्ध नेपाल र सुखी नेपाली हुने परिकल्पना गरिएको छ  । राष्ट्रिय हितलाई मध्यनजर गरी हाम्रो देशको आन्तरिक र बाह्य सुरक्षा प्रणालीलाई संस्थागत एवम् विकास गर्नु राज्यको कर्तव्य हुन्छ । देश संघीय गणतन्त्रात्मक राज्य व्यवस्थासम्म आइपुग्दा विभिन्न खालका चुनौतीहरु सामना गर्नु परिरहेको छ । हामीले उपलब्धि गरेका अधिकारहरु लोकतान्त्रिक समाजवाद उन्मुख छन् । यसको मुख्य कारण राष्ट्रिय सुरक्षा र समृद्धिको उदय नै हो । सुरक्षा भनेको राज्यको अखण्डता, सार्वभौमिकता, रक्षा र सुरक्षा दिने कार्य हो । सुरक्षा एक सामाजिक विधा हो जसका कारण सुरक्षा दृष्टिकोणको दायरा फराकिलो भएको छ । (Security is unavoidable political; that is, it plays a vital role in deciding who gets what, when, and how world politics) (Lasswell, 1936) यस भनाइवाट के बुझिन्छ भने सुरक्षाले समग्र देशको पहिचान प्रतिबिम्बित हुने भाषिक, सांस्कृतिक, भौगोलिक, राजनीतिक र जातीय विविधताका अनेकौं पक्षहरूलाई व्यावहारिक र व्यापक बनाउन अग्रसर हुनुपर्दछ । राष्ट्रमा आइपर्ने कुनै पनि सामरिक कठिनाइहरूको सामना गर्न सक्नुपर्दछ ।

**के हो समृद्धि ?**

समृद्धि भन्नाले नागरिकको आर्थिक समृद्धता (Economic well being) भन्ने बुझिन्छ । आर्थिक समृद्धिका लागि नागरिकको शिक्षामा प्रभावकारी रुपमा लगानी महत्त्वपूर्ण हुन्छ जसका कारण नागरिकलाई देशका लागि आवश्यक पर्ने शक्ति र स्रोतको परिचालन गर्न सजिलो हुन्छ । शिक्षाका माध्ययमबाट उत्पादनसँग जोड्नुका साथै समय सान्दर्भिक रुपमा वैज्ञानिक तवरले उत्पादनशील र परिवर्तनशील बनाउन सहयोग गर्दछ ।

शिक्षाले प्रविधि र नयाँ-नयाँ आयामहरु मार्फत् समृद्धिका लागि प्रभावकारी भूमिका खेल्दछ । शैक्षिक संस्थाहरुले दक्ष जनशक्ति निर्माणमा सहयोग पुऱ्याउँदै उत्पादन र नयाँ आविस्कारमा जोड दिने भएकाले शिक्षाले देशको समृद्धिमा आवश्यक पर्ने जनशक्ति तयार गर्दछ । (विश्व बैंक, २०००) । त्यसकारण हामी र हाम्रो समृद्धिको प्रमुख आधार शिक्षा नै हो । त्यसैले राज्यले नागरिकलाई उत्पादनमुखी शिक्षा दिन सके मात्र आर्थिक समृद्धि सम्भव  हुन्छ ।

**कसको सुरक्षा ?**

हामी बाँचेको वर्तमान समय तीव्र गतिमा विज्ञान तथा प्रविधिको विकास भएको समय हो । विज्ञान तथा प्रविधिको गतिशील परिवर्तनले संसार एउटा गाउँका रुपमा परिणत भएको छ। दैनिक रूपमा राष्ट्रिय, क्षेत्रीय र अन्र्तराष्ट्रिय स्तरमा विभिन्न खालका सुरक्षाका चुनौतीहरु बढिरहेका छन्। अनियन्त्रित बेरोजगारी, बसाइँसराइँ, ऊर्जा तथा खाद्यान्न संकट, महामारी, प्राकृतिक एवम् मानवजन्य प्रकोप, अवैध हातहतियारको ओसारपसार र विभिन्न स्वरूपका विकास विरोधी क्रियाकलापले विश्वशान्ति सुरक्षामा चुनौती थपिएको छ। राज्यको विकास र उन्नयनका लागि सर्वप्रथम मानव सुरक्षाको सुनिश्चितता राज्यले गर्नुपर्दछ। मानव सुरक्षा अर्न्तगत जनताको आर्थिक सुरक्षा, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, व्यक्तिगत सुरक्षा, पर्यावरण सुरक्षा, समुदायको सुरक्षा र राजनीतिक सुरक्षा पर्दछन्। समग्रमा भन्नुपर्दा मानव सुरक्षा भनेको जनताको सुरक्षा हो। (आल्म ओइली, सन् २०११, पृ.१७)। आधुनिक युगमा जनताको सवार्ङ्गीण विकासका लागि सम्पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउने काम राज्यको हो। यदि नागरिकको सुरक्षा अधिकारलाई बहिष्कार गरियो भने समुन्नत र समृद्ध राष्ट्रको कल्पना नै गर्न सकिँदैन। नेपालको सन्दर्भमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागले आफूलाई भरपर्दो, अनुशासित, आत्मनिर्भर, राजनीतिक र सक्षम तवरले राष्ट्रिय सुरक्षालाई व्यवस्थित र विकसित गरिरहेका छन्। लोकतान्त्रिक आदर्शभित्र रही मुख्य गरी नेपाली सेनाले राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र सामरिक रणनीतिलाई सबल बनाएको छ।

नेपाली सेनाले विपत् व्यवस्थापन, राष्ट्रिय महत्त्वका विकास-निर्माण कार्य, ऐतिहासिक परम्परा र सम्पदाको संरक्षण, प्राकृतिक वातावरणको संरक्षण तथा सुरक्षामा ठूलो सहयोग पर्‍याएको छ। यति मात्र नभई देशको परराष्ट्र नीतिमा समेत सहयोग पुर्‍याउँदै विश्वशान्तिका क्षेत्रमा महत्त्वपूर्ण योगदान पर्‍याएको छ। आधुनिक युगमा राष्ट्रिय सुरक्षालाई सफल बनाउन अन्य गैरसैनिकलाई पनि ध्यान दिनुपर्दछ। (ल्यांगिनभाइनिया मिकेइली, सन् २०११, पृ.४८)। राष्ट्र निर्माणका लागि राज्यका सबै शक्तिहरू एकजुट भई अघि बढ्नु नै राष्ट्रिय सुरक्षा र संमृद्धिको मार्गमा हिड्नु हो। राज्य, नागरिक, सेना तथा प्रहरी सबै मिलेर मात्रै राष्ट्रिय एकता, अखण्डता र समृद्धि सम्भव छ। तसर्थ जनता, सुरक्षा र संमृद्धि राज्यका परिवर्तनशील अवधारणा हुन्। जस्तोसुकै परिस्थितिमा पनि राज्यले जनतालाई सुशासन, सुरक्षा र संमृद्धिको मार्गमा सहभागी गराउनुपर्दछ। नागरिक सहभागिता नै राष्ट्रिय सुरक्षा र दिगो विकासको सम्बन्धको कडी हो।

**समृद्ध नेपालको अवधारणा**

नेपालको करिब सत्तरी वर्षे विकासका क्रममा भएका ऐतिहासिक परिवर्तनहरुले हाम्रा सामु धेरै कुरा जन्मेका छन्। सर्वप्रथम सन् १९४९ को जनवरी २० मा अमेरिकी राष्ट्रपति ह्यारी टयूमनले आफनो भाषणद्वारा विकासको अवधारणा व्यक्त गरेका थिए। संमृद्धिको महत्त्वपूर्ण पक्ष भनेको सापेक्ष परिवर्तन हो। विकास प्राप्तिका लागि नेपालमा ठूला - ठूला परिवर्तनहरु भए। हामी अहिले 'सुखी नेपाली र समृद्ध नेपाल' बनाउने अभियानमा जुटेका छौँ। विकास आम नागरिकको आर्थिक, सामाजिक, शारीरिक, मानसिक, भाषिक, शैक्षिक, भावनात्मक, औद्योगिक र कृषि विकाससँग सम्बन्धित छ। विकास मानव सभ्यताको आरम्भदेखि नै अभ्यासमा आएको हो। बेलायतको बान्ट आयोगले भनेको छ "Development never will be, and never can be, defined to universal satisfaction." वास्तवमा विकास परिवर्तनशील छ। हिजो हुने गरेको विकासको संरचना आज र भोलि उस्तै हुदैन। विकासको एउटै परिभाषाले सबैलाई चित्त बुझाउँदैन। यो त समय सापेक्षिक अनि जनताको चाहनाबमोजिम हुन्छ जसले उनीहरूलाई सुरक्षित तवरले बाँच्न सिकाउँछ।

विकासविद् रिग्स के भन्दछन् भने विकास विबर्तन (Diffraction) को स्तर उठाएर सामाजिक प्रणालीको

स्वायत्तता वा विवेकाधिकार र तजबिजमा वृद्धि गराउने प्रक्रिया हो । सुरक्षा प्राप्तिका निम्ति जनताको विकास गर्नु जरूरी छ । त्यसै गरी आमुचेजी (१९८०) के भन्दछन् भने विकास व्यक्तिको सम्पूर्ण प्रक्रियाको आयाममा हुने यथार्थपरक परिवर्तनसँग सम्बन्धित हुन्छ जसका कारण उसको राजनीतिक, आर्थिक, मनोवैज्ञानिक र सामाजिक संमृद्धिमा बल पुग्छ । समग्रमा भन्नुपर्दा व्यक्ति र राज्यको सर्वाङ्गीण विकासमा हुने निरन्तर सकारात्मक परिवर्तन नै विकास हो । नेपालको लोकतान्त्रिक संविधानले पनि उल्लिखित पक्षहरुलाई प्राथमिकतामा राखेको छ ।

**सुरक्षा र समृद्धि : लोकतन्त्रका आधार**

राष्ट्रिय सुरक्षा र समृद्धिको सम्बन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित हुन्छ । लोकतन्त्रमा विधि, सरलता अनि पारदर्शिता हुनुपर्दछ, अनि मात्र लोकतन्त्र प्राप्तिको सार्थकता सिद्ध हुन्छ । लोकतन्त्र प्राप्तिसँगै संमृद्ध नेपाल निर्माणका क्षेत्रमा थुप्रै चुनौतीहरु देखिन्छन् । देशको सम्पूर्ण विकासको हिंस्सेदार भनेका सुरक्षा क्षेत्र हुन् । राष्ट्रका विभिन्न कालखण्डमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर विभाग, निजी सुरक्षा कम्पनीको ठूलो भूमिका रहिआएको छ । मुख्य गरी नेपाली सेना लोकतन्त्र प्राप्तिका निम्ति सदैव तत्पर र विश्वासिलो संस्था भएको छ ।

प्रजातन्त्र प्राप्ति, दश वर्षे माओबादी जनयुद्ध, विस्तृत शान्ति सम्झौता हुँदै संघीय गणतन्त्रसम्म आइपुग्दा नेपाली सेनाले सुरक्षा र संमृद्ध नेपाल निर्माणमा पैरवी गरिरहेको छ जसका कारण देशमा दिगो विकासको स्थायित्वको सम्भावना बढेको छ । देशको राष्ट्रिय सुरक्षाविना दिगो विकासको कल्पना गर्न सकिँदैन । सुरक्षा क्षेत्रले लोकतन्त्रका मूल्य-मान्यतालाई सङ्गठित गर्दै राष्ट्र-निमार्णमा साझेदारी गर्दछ । सुरक्षा र समृद्धि समाज- परिवर्तनका नयाँ आयामहरू हुन् । समाजको आर्थिक वृद्धि र नागरिक संमृद्धिका लागि सुरक्षा र विकास नभई नहुने तत्त्व हुन् । नागरिक सुरक्षालाई व्यक्तिगत, मानव र राष्ट्रिय तवरले देशको सामरिक क्षेत्रलाई फाइदा हुने गरी सुरक्षा नीति कार्यान्वयन गर्नुपर्दछ । व्यक्तिलाई स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार राज्यले प्रदान गरेको हुन्छ । राज्यमा हुने विभिन्न खालका विकास विरोधी क्रियाकलापलाई निषेधित गर्दै राष्ट्रिय एकतामा समाहित गराउनुपर्दछ । कुनै पनि राष्ट्रको विकासमा अन्याय, भ्रष्टाचार, गरिबी, धर्म र कमजोर पूर्वाधारले सुरक्षालाई सङ्कटमा पार्दछन् । तसर्थ सुरक्षाबिनाको समृद्धि पखेटा नभएको पंक्षी जस्तो हुन्छ ।

कुनै पनि राज्यको सुरक्षाका लागि राष्ट्र एक भरपर्दो उपकरण हो । यो मानिसको विकासको उद्देश्यसँग जोडिएको हुन्छ। जनताको सुरक्षामा कमजोर पूर्वाधार, जनसङख्या वृद्धि, न्यून उत्पादन र बेरोजगारीले विकासका उद्देश्यहरूलाई बाधा पुऱ्याउँछन् । राज्यको विकास त्यहाँको सुरक्षा क्षेत्रसँग निर्भर रहन्छ । सुरक्षामा हुने खतराले राज्यको सामाजिक, आर्थिक, प्राकृतिक, राजनैतिक र मनोवैज्ञानिक ह्रासमा सहयोग पुग्छ । समृद्धि र राष्ट्रिय सुरक्षाले कुनै पनि देशको आन्तरिक एवम् बाह्य सुरक्षाको पक्षलाई ध्यान दिएको हुन्छ । देशभित्र अमनचयन कायम गर्न सुशासन, राजनीतिक स्थिरता कायम गर्न, सामाजिक न्याय र सद्भावको सिर्जना गर्न, जनताको आर्थिक अवस्थामा सुधार गर्न, वैदेशिक आक्रमणबाट देशलाई जोगाउन र कुशल परराष्ट्र नीतिमा विकास गर्न राष्ट्रिय सुरक्षाले सहयोग पुऱ्याउँछ । नेपालको राष्ट्रिय सुरक्षा कुनै पनि स्थितिमा आन्तरिक एवम् बाह्य शक्तिबाट जोगिएको कुरा इतिहासबाट पुष्टि भएको छ । नेपाली जनता र राजनीतिक दलहरुको सम्बन्ध गहिरो हुने हुनाले जनताको सहभागिता मार्फत् राष्ट्रिय सुरक्षा र विकासमा सहजता उत्पन्न भएको छ ।

विश्व बैंक, अर्न्तराष्ट्रिय मुद्राकोष जस्ता विश्वव्यापी संस्थाहरुले विकसित देशहरूको विकासका लागि काम गरे तापनि एकलौटी औपनिवेशिकतामा प्रभावित पारेको आरोप छ । (बराल, २०१७, पृ.१८२) । तर नेपालमा भने जनताबाट निर्वाचित जनप्रतिनिधिहरु स्वतन्त्र रूपले

देशको विकास-निर्माणमा लागेका छन् । विविधताले भरिएको हाम्रो देश संघीय संरचनामा गएपछि राज्य सञ्चालकहरु स्थानीय शासन, प्रदेशको शासन र केन्द्रीय शासन प्रणालीका माध्यमवाट सिङ्गो देश-निर्माणको बाटोमा लागेका छन् । हाम्रो परराष्ट्र नीति नै राष्ट्रिय सुरक्षाको वास्तबिक हतियार हो । कहिले काहीँ छिमेकी देशहरुसँग साना-तिना असन्तुष्टिहरू भए तापनि यस्ता सम्बन्धले नेपालको विकासमा अतुलनीय सहयोग पु¥याएका छन् । असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तले राष्ट्रिय सुरक्षामा थप सहयोग पु¥याएका छन् ।

## सुरक्षा र समृद्धि : आजको आवश्यकता

देशको राष्ट्रिय सुरक्षासँग शान्ति र समृद्धि जोडिएको हुन्छ । भू-परिवेष्ठित राष्ट्र हुनुका नाताले हाम्रा सिमानाहरू खुलै रहेका छन् । राष्ट्रिय सुरक्षाको प्रमुख चुनौती खुला सिमाना भएकाले राष्ट्र विकासमा अवरोध हुन पुग्दछ । यसका लागि आ-आफ्नो तह र तप्काबाट समृद्ध नेपाल निर्माणका लागि एकजुट हुने बेला आएको छ । पटक - पटक सीमा-विवादको विषय सम्बन्धित स्तरबाट टुङ्गो लगाई व्यवस्थित गर्नुपर्दछ । राजनीतिक शक्तिहरुका बीचमा राष्ट्रिय सुरक्षाका सन्र्दभमा एकताको कमी र विश्वासको अभाव भएको पाइन्छ । यसको अन्त्य हुनुपर्दछ । विकसित देशहरू स्वीजरल्याण्ड, अस्ट्रिया र सिङ्गापूर जस्ता देशहरुले आपसी संवाद र कूटनैतिक विधिद्धारा विकासको मान्यता अवलम्वन गरेका छन् । (खनाल, २०१६, पृ.१०८) यसरी राज्य सञ्चालनका शक्तिहरु नमिल्दा राष्ट्रिय सुरक्षा नीति कार्यान्वयनमा कठिनाइ हुन्छ । यसले गर्दा विकासका विभिन्न योजनाहरू प्रभावित हुन्छन् । दलीय समझदारी नै लोकतान्त्रिक नेपालको आधार हो । देशमा भएका दक्ष जनशक्तिहरु विदेश पलायन भएका छन् । यस्तो अवस्थामा देश-विकासका लागि चाहिने जनशक्तिको अभाव हुनु राम्रो होइन । समय सापेक्षित रूपले व्यवस्थापन गर्नुका साथै राष्ट्रिय नीतिहरु निर्माण गरी देश विकासमा सबैलाई समाहित गराउनुपर्छ ।

नेपाल सानो भए तापनि स्वतन्त्र राष्ट्र हो । विविधताको मुलुकमा सबै वर्ग र समुदायको आवाजलाई विशेष गरी राज्यका सहमतीहरू विनासर्त सुरक्षा र समृद्धिमा जोड्नु आजको आवश्यकता हो । राज्यका स्रोतसाधनहरू समान रूपले विकासमा वितरण गर्नुपर्दछ । दक्षजनशक्तिलाई राज्यको सुरक्षा-विकासमा सहभागी गराउनुपर्दछ । राज्यको सुरक्षाका लागि सबैलाई proactive तवरले अपिल गर्नुपर्दछ । I. C. Ukwu (1984) के भन्दछन् भने सुरक्षा र विकासका लागि विधिको शासन, स्रोत-साधनको समान वितरण, जनसहभागिता र सुरक्षाको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व हुन्छ । त्यसैले यस्तो अवस्थामा देशमा व्याप्त भ्रष्टाचार निर्मूल पार्दै सुशासन र सदाचारको अनुभूति दिलाउन सके मात्र सुरक्षा र समृद्धिले सफलता प्राप्त गर्दछन् । नेपाली समाज परापूर्व कालदेखि विभिन्न भाषा-भाषी, जातजाती, धर्म लिङ्ग, परम्परा र रीतिरिवाजमा विविधतापूर्ण समाज भएकोले हामीमा अनेकतामा एकता छ । बढ्दो सामाजिक बिखण्डनले राष्ट्रिय सुरक्षा र समृद्धिमा नकारात्मक असर गर्दछ । तसर्थ राज्यका सबै वर्ग, समुदायलाई राष्ट्रप्रेमको सूत्रमा बाँध्दै राष्ट्रको सुरक्षा र समृद्धिमा लाग्नु नै आम नेपालीको जिम्मेवारी हो ।

## निष्कर्ष

समृद्धि र सुरक्षा शान्तिका पर्याय हुन । सुरक्षा र समृद्धिविना नागरिक अमनचयन प्राप्त हुन सक्दैन । जसरी सी.एके. (1972) के स्पष्ट पार्दछन् भने स्वतन्त्रताले व्यक्तिलाई समृद्ध, सुरक्षित र स्वतन्त्र हुन उत्प्रेरित गर्दछ, त्यसरी नै आपसी समझदारी, नियमित अन्तर्संवाद, एकताले विकासमा हातेमालो गर्न प्रोत्साहन गर्दछ । विश्व-व्यापीकरणको बढ्दो राजनीतिक, आर्थिक विविधताले सुरक्षा र विकासमा सम्बन्ध राख्दछ । मातृभूमिमा शान्ति र सुरक्षाको भूमिका असीमित हुन्छ । त्यसकारण सुरक्षा सिद्धान्तमा मात्रै सीमित हुनु हुँदैन । समृद्धिका लागि विश्वव्यापीकरण, स्वतन्त्रता, अन्तर्राष्ट्रिय अर्थतन्त्रमा सुधार र आतङ्कवादका विरुद्धमा सबैले organic

विकासको अवधारणालाई अघि सार्नुपर्दछ । हामी सबै समृद्ध नेपालका सहभागी हौं भने राष्ट्रिय सुरक्षाका लागि पहरेदार हौं । शान्ति र सुरक्षा दिगो विकासको लक्ष्य-प्राप्तिका आधार-स्तम्भ भएकोले देशमा शान्तिपूर्ण विकासका लागि सुरक्षा अपरिहार्य हुन्छ । राज्यले आम नागरिकका सबै प्रकारका सुरक्षा र अधिकार सुनिश्चित गर्नु नै लोकतान्त्रिक राष्ट्रको समृद्धि पथमा लम्कनु हो ।

**सन्दर्भ सामग्री सूची**


आल्म ओइली (२०११) ह्यूमन सेकुरिटी - *प्रस्पेक्टिभ एण्ड प्राक्टिकल एक्जाम्पल्स सिभिल सोसाइटि कन्फिल्क्ट,* कातु फिनल्याण्ड, *पृभेन्सन नेटवर्क*।

Ake, C. (1972). Development of what? for what ? A paper presented at a conference on Development Strategies in Africa of the 1970's held in Arusha, Tanzania, September, 1972.

Amucheazi,E.C.(1980). Reading in social sciences: Issues in national development. Fourth Enugu Dimension Publishing Co.Ltd.

Baral, (2017) . Globalization and its impacts on developing nations including Nepal, Pragyik Prabhaha, Vol, VI.

Khanal, (2016). Security of small states. Journal of Political Science Vol XII No.2.

Subedi, P. (2010). The challenges to the national security Nepal and the role of international law and foreign policy in emerging security challenges of Nepal, Edited by Rajan Bhattrai and Geja Sharma Wagle Kathmandu :Nepal Institute for Policy Studies(NIPS).

Lasswell, D. (1936), Politics, who gets? What and when how. NewYork: McGraw- Hill.

Ukwu I. U. (1984). Managing government bureaucracy. A Public Lecture series No. 1. Anambra State Government of Nigeria, August, 1984.

नाईट, एम (२००९), *सेकयुरिटी सेक्टर रिफर्म, डेमोक्रेसी एण्ड द सोसल कन्ट्रयाक्ट* : फ्रम इम्प्लिसिट टु एक्सप्लिसिट, जर्नल अफ सेक्युरिटी सेक्टर म्यानेजमेण्ट, ७ (१) , २० ।

ल्यागिनभाईनिया मिकेली, (२०११)*दि मेनी फेसेस अफ मिलिटरी काईसिस म्यानेजमेण्ट,* तुज्ला फिनल्याण्ड, फिन्सेन्ट पब्लिकेसन सिरिज ।

World Bank.(2000). Higher education in developing countries: Peril and promise. Washington, D.C: World Bank.